**बेलौरी नगरकार्यपालिकाको मिति २०८२।०८।०७ गते बसेको बैठकका निर्णयहरु**

निर्णय नं. १) प्रस्ताव नं. १ माथि छलफल गर्दा बेलौरी नगरपालिका वडा नं. ९ स्थित रतनपुर महिला उद्यमी समुहलाई बेलौरी नगरपालिकाको संघ संस्था दर्ता तथा नियमन ऐन, २०७९ बमोजिम दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. २) प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलौरी नगरपालिका वडा नं. ९ स्थित अखण्ड युवा क्लबलाई बेलौरी नगरपालिकाको संघ संस्था दर्ता तथा नियमन ऐन, २०७९ बमोजिम दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा बेलौरी नगरपालिका वडा नं. २, ३ स्थित अछामी समाज सेवा समितिलाई बेलौरी नगरपालिकाको संघ संस्था दर्ता तथा नियमन ऐन, २०७९ बमोजिम दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा बेलौरी न.पा. वडा नं.५, उदयपुर टोलको जोखिमपूर्ण बस्तीलाई सुरक्षित, व्यवस्थित र स्थायित्व को लागि संघीय र प्रदेश सरकारका वन तथा वातावरण मन्त्रालय / उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय / भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलौरी न.पा. ४ मा अवस्थित साझा हलको छत (ट्रस) निर्माण/मर्मत गर्नको लागि **नगर प्रहरी व्यवस्थापन खर्च** बजेट शिर्षकबाट रु. ७ लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा अनाथ बालबालिकाका लागि **परिवार बाल गृहलाई परिवार बाल गृहमा आश्रित बालबालिकाको शिक्षा, स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनका लागि मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापन** बजेट शिर्षकबाट रु. ५ लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा बेलौरी नगरपालिका वडा नं. ८ को बजेटका लागि **पत्रपत्रिका, पुस्तक खरिद तथा योजना छपाई** बजेट शिर्षकबाट रु. ५ लाख, **बोलपत्र प्रकाशन खर्च** बजेट शिर्षकबाट रु. ४ लाख, **नगर प्रहरी व्यवस्थापन खर्च** बजेट शिर्षकबाट रु. २ लाख र **बाल अधिकार समिति व्यवस्थापन** बजेट शिर्षकबाट रु. २ लाख गरी जम्मा १३ लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**पोतीलाल चौधरी**
**नगर प्रमुख**

**निर्णय नं. ८)** प्रस्ताव नं. ८ माथि छलफल गर्दा बेलौरी नगरपालिका वडा नं. १ मा रहेको निर्माण सम्पन्न शिब मन्दिरको (BELMUN/NCB/T/081/082-07) भुक्तानीको लागि **"गत आ.व. को भुक्तानी बाँकी रामनगर उदयपुर सडक निर्माण, बेलौरी न.पा. ५"** बजेट शिर्षकबाट रु. २२ लाख २५ हजार बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९)** प्रस्ताव नं. ९ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय र सशस्त्र प्रहरी प्रस्तावित गुल्म कार्यालयलाई बेलौरीको शान्ति सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन इन्धन खर्चको लागि **इन्धन (कार्यालय प्रयोजन)** बजेट शिर्षकबाट जम्मा रु. १ लाख ५० हजार बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०)** प्रस्ताव नं. १० माथि छलफल गर्दा बेलौरी कलकत्ता हुलाकि सडक खण्ड निर्माणका लागि दवाब दिन हुलाकी राजमार्ग आयोजना कार्यालय, धनगढी र ढल निकास योजनाको लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कञ्चनपुरमा सम्पूर्ण कार्यपालिका सदयहरु डेलिगेशन जाने निर्णय गरियो ।

**निर्णय नं. ११)** प्रस्ताव नं. ११ माथि छलफल गर्दा सामाजिक सञ्जालमा विभिन्न अराजक व्यक्तिहरुले सामाजिक सञ्जालमा विभिन्न मितिमा बेलौरी नगरपालिका कार्यालयका पदाधिकारी एवं कर्मचारीहरुको नाम जोडेर बिना प्रमाण चरित्र हत्या गर्ने उद्देश्यले सामाजिक सञ्जालमा भ्रामक विषय प्रेषित गरेकाले निजहरुलाई प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा कारवाहीका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२)** प्रस्ताव नं. १२ माथि छलफल गर्दा सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. १४८, मिति २०८१।११।२३ गतेको पत्रानुसार एक जना मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) को ५० % यस नगरपालिकाबाट साझेदारी हुने गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलौरी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

पोतीलाल चौधरी
नगर प्रमुख